मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर १३ गते शनिबार ❑ 29 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## निर्वाचन सुरक्षाको जिम्मेवारी पूरा गर्न सेनालाई प्रधानमन्त्रीको निर्देशन

**रासस**
काठमाडौं, १२ मंसिर

प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्तिसुरक्षा बहाल गराई आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन सफलतापूर्वक सम्पन गर्ने काममा नेपाली सेनाको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ ।

शुक्रबार भद्रकालीस्थित नेपाली सेनाको मुख्यालयको निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीले सरकारलाई प्राप्त जिम्मेवारीबमोजिमशान्तिसुरक्षाको प्रत्याभूतिसहित घोषित मितिमा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरी राष्ट्रिय अभिभारा पूरा गर्ने अभियानमा सेनाको प्रमुख भूमिका रहेको स्पष्ट गर्नुभयो ।

गौरवमय इतिहास भएको नेपाली सेनाले निर्वाचन सुरक्षाका क्रममा यसअघि जस्तै प्राप्त जिम्मेवारी सफलतापूर्वक पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो । "जनतालाई सुरक्षाको प्रत्याभूति दिन, प्रहरी कारबाहीलाई सहजीकरण, सहयोग र सुरक्षित गर्न तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालन गर्ने वातावरण सिर्जना गर्न स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशन दिन्छु", प्रधानमन्त्रीले भन्नुभयो । आगामी निर्वाचनका क्रममा नागरिकको ज्यान जाने र घाइते हुने अवस्था आउन नहुनेमा जोड दिँदै प्रधानमन्त्रीले यसअघिका चुनावको समेत अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायसँग समन्वय गरी त्रुटिरहित ढङ्गले काम गर्न निर्देशन दिनुभयो । प्रधानमन्त्रीले जेनजी आन्दोलनका क्रममा लुटिएका र हराएका हातहतियारको खोजतलाससहित नियन्त्रणमा लिन प्रहरीलगायत सुरक्षा निकायसँग आवश्यक सहकार्य गर्न, मुलुकमा शान्ति सुरक्षा सुनिश्चित गर्न तथा फरार अपराधी पक्रन खटिएका प्रहरीलाई सहयोग गर्न पनि निर्देशन दिनुभयो । जङ्गी अड्डा निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीले निर्वाचन सुरक्षा तयारीबारे जानकारी लिनुभयो । यसैगरी सेनाले हालको सुरक्षा अवस्था, प्रमुख चुनौती र आगामी योजनाबारे 'ब्रिफिङ' गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । निर्वाचन सुरक्षामा सेना परिचालनको योजना र ढाँचाबारे पनि प्रस्तुतीकरण दिइएको थियो । कार्यक्रममा गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा, मुख्यसचिव सुमनराज अर्याल, प्रधानसेनापति अशोकराज सिग्देललगायत विशिष्ट अधिकारीको उपस्थिति थियो ।

## नेपाली कम्युनिष्ट पार्टीको प्रदेश स्तरीय सन्देश सभा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ मंसिर

नेपाली कम्युनिष्ट पार्टीको प्रदेशस्तरीय सन्देश सभा आउँदो आइतबार पोखरामा हुने भएको छ ।

आगामी मंसिर १४ गते आइतबार पोखराको चिप्लेढुङ्गास्थित मानवअधिकारचोकमा विहान ११:३० बजे सुरु हुने उक्त कार्यक्रमको तयारी पूरा भएको शुक्रबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको हो । कार्यक्रममा पोखरा, कास्की सहित गण्डकी प्रदेशका जिल्लाबाट पार्टीका नेता कार्याकर्ता सहित जनताको उल्लेखनिय उपस्थिति हुने भएको नेता एवं साविक माओबादी केन्द्र गण्डकी प्रदेशका इन्चार्ज दीननाथ शर्माले बताउनुभयो । सन्देश सभामा नेपाली कम्युनिष्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सह-संयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, प्रभावशाली नेता भिम रावल लगायत गण्डकी प्रदेशका विभिन्न जिम्मेवारीमा रहेका नेताहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको उहाँले जनाउनु भयो ।




हालसम्म १२ वटा राजनीतिक दल एकीकृत भई बनेको नेपाली कम्युनिष्ट पार्टीमा अन्य १७ वटा कम्युनिष्ट घटकहरू समेत समाहित भएको अबस्थामा एकताको सन्देश दिदै एकतामा बल हुन्छ भन्ने आत्मविश्वासका साथ उक्त कार्यक्रममा उल्लेखनिय सहभागिता जनाउने भएको उहाँले जनाउनु भयो । नेपालको वामपन्थी राजनीतिको मूलधारको शक्तिका रूपमा प्रस्तुत गर्दै आएको शर्माले जनाउनु भयो । जेन-जेड आन्दोलनले उठाएका "प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री" तथा "जनताद्वारा राष्ट्रपति चयन हुने व्यवस्था" जस्ता मुद्दा आफूहरूले पनि पहिलेदेखि उठाउँदै आएको उहाँले बताउनु भयो । मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मानेर नेपालको विशेषतासहितको वैज्ञानिक समाजवाद स्थापनाको लक्ष्य पार्टीले अघि सारेको छ । स्वदेशी पूँजीको परिचालन, युवाको विदेश पलायन रोक्न रोजगारी सिर्जना, शिक्षा-स्वास्थ्य निःशुल्कता, सुशासन तथा भ्रष्टाचार अन्त्यका कार्यक्रम पार्टीको प्राथमिकतामा रहेको नेता शरिराज जोशीले बताउनु भयो । पार्टी समाजवाद उन्मुख दिशातर्फ दृढतापूर्वक अघि बढिरहेको उहाँले बताउनु भयो । पार्टीका नेता तथा पूर्व नेकपा एकीकृत समाजवादीका गण्डकी ईञ्चार्ज श्रीनाथ बराललेे समाजवादी क्रान्ति पूरा गर्न गण्डकी प्रदेशले अहम भूमिका खेल्ने बताउनु भयो। अब जेनजीको माग अनुसार भ्रष्टाचारमुक्त देश बनाउन, सुशासन कायम गर्न पनि नेपाली कम्युनिष्ट पार्टीको विकल्प नभएको उहाँले जनाउनु भयो । देशमा प्रतिनिधि सभा विघटनपछि उत्पन्न राजनीतिक शून्यता हटाउन छरितो निर्वाचन आवश्यक रहेको पार्टीको भनाइ छ । आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधि सभा निर्वाचनमा सहभागी हुने निर्णय पार्टीले अन्य दल भन्दा पहिल्यै गरिसकेको जनाएको छ ।

पार्टीकी नेतृ एवं साविक माओबादी केन्द्र गण्डकीका अध्यक्ष गायत्री गुरुङ, समाजबादीका नेता साविक समाजबादीका गण्डकी प्रदेशका अध्यक्ष कृष्ण नेपाली, विश्वनाथ शर्मा, अटिन्द्रकेसरी न्यौपाने, नवराज सुवेदी लगायतले समाजवादी क्रान्ति नेपाली कम्युनिष्ट पार्टीले मात्र पूरा गर्न सक्नेमा जोड दिनुभयो ।

## सङ्कट समाधानका लागि एउटै मोर्चा आवश्यक छः संयोजक दाहाल

**रासस**
काठमाडौं, १२ मंसिर

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्मा उत्पन्न सङ्कट समाधानका लागि वामपन्थी र गैरवामपन्थी शक्तिलाई एउटै मोर्चामा ल्याउन जरुरी रहेको बताउनुभएको छ ।

विभिन्न कम्युनिष्ट घटकहरु मिलेर गठन गरिएको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को शुक्रबार धनगढीबाट सुरु गरिएको पार्टी एकता सन्देश सभामा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका दाहालले नेकपा पार्टीमा अन्य वामपन्थी र देशभक्तहरु केन्द्रित भएर अटाउन सक्ने बताउनुभयो । भदौ २३ र २४ गतेको घटनापछिको परिस्थिति समाधानका लागि वामपन्थी प्रगतिशील, लोकतान्त्रिक शक्तिलाई नेपाली कम्युनिष्ट पार्टीको मोर्चामा ल्याउन पहल भइरहेको जानकारी दिनुभयो । हिजो भए गरेका कमीकमजोरीको समीक्षा गरी महान उद्देश्य बोकेर नेकपाको निर्माण सुरु गरिएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "नेकपाले कोरेको गोरेटो बाटोमा देश अघि बढ्दै छ, नेपालको एक नम्बर पार्टी नेकपा भइ छाड्छ ।" देशभरका क्रान्तिकारीले नेकपालाई नयाँ आशा र भरोसाका साथ हेरिरहेको उल्लेख गर्नुहुँदै उहाँले बृहत शक्ति निर्माणका लागि पार्टीमा ध्रुविकृत हुन सबैलाई अपिल गर्नुभयो । हाल उत्पन्न सङ्कटको निकासका लागि निर्वाचनको विकल्प नदेखिएकाले निर्वाचनको वातावरण बनाउने काममा लाग्न नेता कार्यकर्तालाई उहाँले निर्देशन दिनुभयो । पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले वामपन्थी पार्टीहरुमा विगतमा भएका टुटफुटबाट शिक्षा लिएर नेपाली राजनीतिलाई स्वच्छ बनाउँदै नेकपा अघि बढ्न लागेको बताउनुभयो । समाज रुपान्तरणका लागि पार्टीमा समाहित भएर अगाडि बढ्नमा सहयोग गर्न आग्रह गर्दै उहाँले भन्नुभयो, "नयाँ क्रान्तिकारी पार्टी बनाउने सोचले गठन भएको नेकपाले भ्रष्टाचार र बेथितिको अन्त्य र जनताको पक्षमा काम गर्ने सङ्कल्प लिएको छ ।" सो पार्टीका नेता भीमबहादुर रावलले देशको मुहार फेर्न गठन भएको नेकपाले देशलाई रुपान्तरण र परिवर्तन गर्न चाहेको बताउनुभयो । उहाँले देशको स्वाधिनता र समृद्धिको यात्रालाई अगाडि बढाउन पार्टी क्रियाशील रहेको उल्लेख गर्नुभयो । सन्देश सभामा पार्टीका नेता प्रकाश शाह, गिरीराजमणि पोखरेल, भानुभक्त जोशीलगायतले पार्टी गठन र समसामयिक राजनीतिका बारेमा बोल्नुभएको थियो ।

## कोरला नाकामा व्यापारिक चहलपहल बढेपछि बेँसीमा झरेनन् माथिल्लो मुस्ताङी

**रासस**
मुस्ताङ, १२ मंसिर

अघिल्लो वर्षसम्म यतिबेला माथिल्लो मुस्ताङ लगभग मानवविहीन अवस्थामा हुन्थ्यो । हिउँदयामको कात्तिकअगावै माथिल्लो मुस्ताङका अधिकांश नागरिक जाडो छल्न र घुम्ती व्यापार-व्यवसाय चलाउन बेँसीमा झर्दथे ।

माथिल्लो मुस्ताङका अधिकांश नागरिक हिउँदयाममा जाडो छल्न र घुम्ती व्यवसाय चलाउन बेँसी झर्ने परम्परा सदियौँदेखि चल्दै आइरहेको छ। नेपाल-चीन सीमावर्ती लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अधिकांश नागरिक बर्खे अन्नबाली घरमा भित्र्याएपछि बेँसी झर्थे । अत्यधिक चिसो सिरेटो चल्ने, हिमपातको जोखिमका साथै माथिल्लो मुस्ताङको दैनिक जनजीवन निकै कष्टकर हुन्थ्यो । अत्यधिक चिसोका कारण माथिल्लो मुस्ताङमा खानेपानीका धारा, शौचालयको सेप्टीट्याङ्की र सिँचाई कुलोसमेत बरफ बनेर जम्ने गर्छ ।

यसरी हिउँदयाममा अत्यधिक चिसो र हिमपातले जनजीवन कष्टकर हुने र हिउँदयाममा कुनै काम गर्न नसकिने भएकाले त्यहाँका नागरिकहरू बाध्य भएर बेँसी झर्ने प्रचलन रहँदै आएको थियो । यहाँका सबै शैक्षिक संस्था पनि जाडो छल्न र घुम्ती कक्षा सञ्चालन गर्न कात्तिकअगावै बेँसी झर्छन् । यसपालि पनि माथिल्लो मुस्ताङका सबै शैक्षिक संस्था बेँसी झरिसकेका छन् । अत्यधिक चिसोका कारण विद्यार्थी विद्यालयमा उपस्थित हुन नसक्ने, चिसोका कारण विद्यार्थीलाई रुघाखोकी र निमोनियाजस्ता समस्या देखिने र अभिभावकहरू पनि बेँसी झर्ने गर्दा विद्यालय पनि बेँसी झार्ने गरिएको छ । अत्यधिक चिसो र हिमपातको जोखिम टार्न माथिल्लो मुस्ताङका अधिकांश नागरिक घरमा ताल्चा मारेर बेँसी झर्दथे । गाउँमा केही ज्येष्ठ नागरिक र याकचौँरी तथा भेडाच्याङ्ग्रा रेखदेख गर्ने गोठालाबाहेक सबै मुस्ताङीहरू यो समय पूरै पोखरा, काठमाडौँलगायत स्थानमा झर्थे । केही नागरिकहरू 'स्वेटर'को व्यापारका लागि भारतका विभिन्न सहरसम्म पुग्थे । यसैगरी कात्तिकअगावै बेँसी झरेका माथिल्लो मुस्ताङीहरू चैत-वैशाखमा मात्र साविक स्थानमा फर्किन्थे । तर अहिले माथिल्लो मुस्ताङको अवस्था निकै फेरिएको छ । सदियौँदेखि बेँसी झर्ने परम्परा रहेको यहाँको ऐतिहासिक प्रचलनमा परिवर्तन आउन थालेको छ । यहाँको नेपाल-चीन उत्तरी कोरलानाका कोभिडअघि अल्पकालीन अन्तरदेशीय व्यापार मेलाका रूपमा बर्सेनि असार र भदौमा सीमित समयका लागि चल्थ्यो । कोभिडपछि २०८० साल कात्तिक २७ गते यहाँको कोरलानाका माथिल्लो मुस्ताङीका लागि बाह्रै महिना चीनले खुला गरिदियो । तर नाका आंशिक रूपमा खुला भए पनि माथिल्लो मुस्ताङीले राम्ररी व्यापार-व्यवसाय चलाउन अझै सकिरहेको अवस्था थिएन । तैपनि नाकामा केही नागरिकले त्रिपाल टाँटेर व्यापार चलाएका थिए । जब कोरलानाका गत ३० भदौमा पूर्ण रूपमा सञ्चालनमा आयो, तब माथिल्लो मुस्ताङीका लागि वैकल्पिक रोजगारी ढोका खुल्न पुग्यो । बाढीपहिरोले तातोपानीनाका र रसुवागढीनाका अवरुद्ध भएपछि कोरलानाकामा नेपाल-चीन व्यापारको मार्ग पूर्ण रूपमा खुला भयो । यो नाकाबाट हालसम्म मुस्ताङ भन्सार कार्यालयले झन्डै रु चार अर्बको राजस्व योगदान गरिसकेको छ ।

कोरलानाका पूर्ण रूपमा सञ्चालनमा आएसँगै माथिल्लो मुस्ताङका धेरैजसो नागरिकले नाकाबाट व्यापार व्यवसायका साथै अस्थायी वैकल्पिक राजगारी पाएका लोमान्थाङ-२ छोसेका वडाध्यक्ष कर्मा नाम्गेल गुरुङले जानकारी दिनुभयो । गत वर्षसम्म माथिल्लो मुस्ताङका ९० प्रतिशत नागरिक यतिबेला जाडो छल्न बेँसी झरिसक्नेमा यस वर्ष आंशिक नागरिकमात्र बेँसी झरेको उहाँको भनाइ छ । कोरलानाकाको नेपाल-चीन दसगजा क्षेत्रमा माथिल्लो मुस्ताङी करिब तीन दर्जन बढीले त्रिपालको टहरा निर्माण गरी व्यापार व्यवसाय चलाएर बसेको वडाध्यक्ष गुरुङले बताउनुभयो ।

कोरलानाकामा व्यापार गर्ने, कोरलास्थित चीनको हाटबजारमा व्यापार गर्न बस्ने, नेपाल-चीन आयातनिर्यातका मालवस्तु 'लोडअनलोड' गर्ने र चीनबाट पैठारी गरिएका विद्युतीय कार (ईभी) चिनियाँ भन्सारबाट नेपाली भन्सारसम्म ल्याउन स्थानीय युवाले राम्रो रोजगारी प्राप्त गरेको वडाध्यक्ष गुरुङको भनाइ छ । कोरलानाका पूर्ण रूपमा सञ्चालनमा आएपछि यहाँका युवायुवतीले दैनिक रु पाँचदेखि १० हजारसम्म आम्दानी गर्ने गरेका उहाँले जानकारी दिनुभयो । नाकाको भित्र र बाहिर सबै गरी झन्डै पाँच सयभन्दा बढी


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# क्लबस्तरीय भलिबलको सेमिफाइनलमा तीन टोली प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, १२ मंसिर



पोखरामा जारी नवौं पिभिटिसी क्लबस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिताको पुरुषतर्फ भएको लिगचरणको ७ खेल सम्पन्न हुँदा सेमिफाइनलमा प्रवेश गर्ने तीन टोलीको टुङ्गो लागेको छ ।

७ समूहको सहभागिता रहेको पुरुषतर्फको खेल रोमाञ्चक बन्दा सेमिफाइनलको समिकरण भने पूरा भएको छैन । पोल 'ए' मा रहेको बोहोराफाट समाज जापान ६ अङ्कसहित शिर्ष स्थानमा रहँदै एक खेल अगावै सेमिफाइनलमा प्रवेश गरेको छ । पोल 'ए' मा नै रहेको ठकुरी समाज ५ अङ्कसहित दोस्रो स्थानमा रहेको छ । एक खेल खेल्न बाँकी रहेको पोखरा युनाइटेडको ३ अङ्क छ । पोखरा भलिबल प्रशिक्षण केन्द्र भने अङ्कविहिन हुदै प्रतियोगिताबाट बाहिरिएको छ । बोहोराफाटले एक खेल खेल्न बाँकी छ ।

पोल 'बी' मा रहेका एपिएफ पोखरा र एनवाईसी गलकोट बागलुङ समान ६/६ अङ्कसहित सेमिफाइनलमा स्थान पक्का गरेपनि समूह विजेता र समूह उपविजेता लागि भएको खेल लाइट प्रोस्टेटका कारण खेल स्थगित भयो । शुक्रबार भएको लिगचरणको पाँचौं खेलमा पोखरा युनाइटेडले पोखरा भलिबल प्रशिक्षण केन्द्रलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो । पोखरा युनाइटेडले पोखरा भलिबल प्रशिक्षण केन्द्रलाई २५-२३,२५-१८ र २५-१५ ले पराजित गऱ्यो । छैठौं खेलमा बोहोराफाट समाज जापानले पोखरा भलिबल प्रशिक्षण केन्द्रलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो । बोहोराफाटले पोखरालाई २५-१८, २५-१६र २५-२३ ले पराजित गऱ्यो । शुक्रबार नै भएको लिगचरणको तेस्रो खेलमा ठकुरी समाज तनहुँले पोखरा युनाइटेडलाई ३-२ को सेटमा पराजित गऱ्यो । सातौ खेलमा ठकुरी समाजले पहिलो सेट २५-२३ ले जितेपनि दोस्रो सेट २३-२५ र तेस्रो सेट २२-२५ ले गुमायो । चौथो सेट २५-२० ले उत्कृष्ट पूनरागमन गरेको ठकुरी समाजले पाँचौ तथा निर्णायक सेट २२-२० ले जित्यो । पराजित भएको पोखरा युनाइटेडले ठकुरी समाजबाट एक अङ्क खोज्न भने सफल भयो । शुक्रबार नै भएको लिगचरणको आठौ खेल एपिएफ पोखरा र एनवाईसी गलकोट बागलुङ बीचको खेल भने, लाइट प्रोस्टेटका कारण स्थगित भएको छ । दुवै टिमले २/२ सेट आफ्नो पक्षमा पारेपछि खेल लाइट प्रोस्टेटका कारण स्थगित भएको हो । पोखरा भलिबल प्रशिक्षण केन्द्रको नवौं वार्षिकोत्सवको अवसरमा आयोजित नवौं पिभिटिसी महिला तथा पुरुष भलिबल प्रतियोगिता मंसिर ९ गतेदेखि पोखरा महानगरपालिका-३ नदिपुर स्थित पोखरा भलिबल प्रशिक्षण केन्द्रको भलिबल कोर्ट (छन्त्याल समाज)मा सञ्चालन भइरहेको छ । पुरुषतर्फको खेल लिगकम नकआउटको आधारमा सञ्चालन भइरहेको प्रतियोगिता संयोजक मनोज खड्काले जानकारी दिए । खेल लिगकम नकआउटको आधारमा सञ्चालन भएकाले पहिलो सेमिफाइनलमा पोल 'ए'को विजेताले पोल 'बी'को उपविजेता र दोस्रो सेमिफाइनलमा पोल 'बी'को विजेताले पोल 'ए'को उपविजेतासँग प्रतिस्पर्धा गर्नेछन् । उनका अनुसार महिलातर्फ भने सेकुवा हाउस बागलुङ र लालीगुराँस लामाचौर फाइनल प्रवेश गरी सकेका छन् । पुरुषतर्फको विजेताले नगद १ लाख ५० हजार, उपविजेताले १ लाख शिल्ड, मेडल र प्रमाण प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सेमिफाइनलमा पराजित हुने २ टिमलाई नगद २५/२५ हजार सान्त्वना पुरस्कार प्रदान गर्ने संयोजक खड्काले बताए ।

यस्तै महिलातर्फको विजेताले ६० र उपविजेताले ४० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट खेलाडी, स्पाइकर, मिडल ब्लकर, डिफेण्डर, सेटर, सर्भर र प्रशिक्षकलाई पुरस्कार प्रदान गर्ने आयोजकले जनाएको छ । २०७३ सालमा स्थापना भएको पोखरा भलिबल प्रशिक्षण केन्द्र सामाजिक तथा खेलकुद क्षेत्रमा क्रियाशिल रहँदै आएको छ । प्रतियोगितामा पुरुषतर्फ ७ र महिलातर्फ ७ समूहको सहभागिता रहेको संयोजक खड्काले बताए । पोखरा भलिबल प्रशिक्षण केन्द्र नदीपुरको आयोजना तथा ए फोर ग्राफिक डिजाइन एण्ड प्रिन्टिङ प्रेसको सहआयोजनामा मंसिर ९ देखि सुरु भएको प्रतियोगिता १४ गतेसम्म सञ्चालन हुनेछ ।



दाइँ महोत्सवका लागि तयार पारिएको कुन्यु :
पोखरा महानगरपालिका-१९ पुरुन्चौरस्थित चुरुङ्गामा भोली बिहान हुने दाइँ महोत्सवका लागि धानको कुन्यु सिगर्दै स्थानीय । पोखरा पर्यटन परिषद्को आयोजनामा मौलिक तथा परम्परागत दाइँको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले शनिबार बिहान चुरुङ्गामा दाइँ महोत्सव हुँदैछ । तस्बिरः राधिका कँडेल/रासस

# लेखनाथ महोत्सवमा स्टल बुकिङ खुल्ला

**पोखरापत्र संवाददाता**
पोखरा, १२ मंसिर

लेखनाथ उद्योग वाणिज्य संघले यहि पुष ३ गते देखि १४ गते सम्म आयोजना गर्ने २१ औ संस्करणको लेखनाथ महोत्सवका लागि स्टल बुकिङ खुल्ला गरेको छ ।

पहिलो चरणमा संघका सदस्यहरुका लागी लक्षित गरि मंसिर ८ गतेबाट स्टल बुकिङ खुल्ला गरिएको स्टल व्यवस्थापन तथा निर्माण समितिका संयोजक भरत थापाले जानकारी दिए । अन्य व्यवसायीहरुका लागी भने दोश्रो चरणमा मंसिर १५ गतेबाट स्टल बुकिङ खुल्ला गरिने थापाले वताए । यस क्षेत्रको समग्र आर्थिक तथा सामाजिक उत्थानको लागि "महोत्सव लेखनाथको सस्कृति, स्थानीय उत्पादन, विकास र संमृद्धि" भन्ने मुल नाराका साथ आयोजीत महोत्सवमा कृषि तथा स्थानिय उत्पादनका स्टललाई प्राथमिकता दिईने र स्वदेशी उत्पादनहरुको प्रर्वद्धनको लागि मेड ईन नेपाल अर्न्तगत केही स्टलहरुको व्यवस्थापन गरिने संयोजक थापाले जानकारी दिए ।

महोत्सवमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका लघु, घरेलु, साना-ठूला औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरुका वस्तु तथा सेवा, हस्तकला, यातायातका साधनहरु, कृषि तथा पशुजन्य वस्तुहरु, विद्यालय स्तरीय शैक्षिक एवं विज्ञान सामाग्री, सुचना र सञ्चार प्रविधिमा भएका नयाँ आयामहरुको जगेर्ना, नयाँ प्रतिभाको खोजी अभियान, सांस्कृतिक जगेर्ना कार्यक्रम लगायतका थुप्रै कार्यक्रमहरु समावेश गरिएको र यसबाट स्थानीय उत्पादनको बजारीकरण, नयाँ प्रविधि तथा सिपको हस्तान्तरण, साहित्य, कला र संस्कृतिको जगेर्ना तथा आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुग्ने संघका अध्यक्ष एवं महोत्सवका संयोजक जानुका पराजुली अधिकारीले जानकारी दिईन । विगत २०६१ साल देखि अनवरत रुपमा सञ्चालन हुदै आइरहेको महोत्सवले हालको विषम परिस्थितिका कारण शिथिल अवस्थामा रहेको देशको अर्थतन्त्रलाई चलायमान बनाउदै उत्पादक र उपभोक्तालाई एउटै थलोमा जमघट गरि यस क्षेत्रको आर्थिक गतिविधि बढाउने र आन्तरिक एंव बाह्य पर्यटकहरुलाई आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुऱ्याउने प्रचार प्रसार समितिका संयोजक ध्रुबवाबु भट्टराईले वताए ।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने २१ औं संस्करणको महोत्सवलाई गृहलक्ष्मी ग्याँस कम्पनी प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा बिएलसि ग्रुप (नर्भिक हस्पिटल, पशुपति विस्कुट, हेटौडा डेरी र प्रवर्द्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका प्रायोजकव्यवस्थापनउप-समितिका संयोजक विक्रम कर्माचार्यले जानकारी दिए ।

# वेगनास सिंचाई प्रणाली शाखा २ को साधारणसभा तथा अधिवेशन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ मंसिर




वेगनास सिंचाइ प्रणाली शाखा नं २ ले आफ्नो वार्षिक साधारण सभा तथा अधिवेशन बिहिवार एक कार्यक्रमका बीच सम्पन्न गरेको छ ।

साधारणसभामा भैरहेको सिंचाईको अवस्था लगायतका विषयमा छलफलसँगै शाखाको नयाँ नेतृत्व चयन गरेको छ । कार्यक्रममा प्रमुख अतिथि एवम् बेगनास सिंचाई प्रणाली मूल उपभोक्ता समितिका उपाध्यक्ष राजु खत्रीले शाखाले आफ्नो कार्यक्षेत्र विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । फोहोर व्यवस्थापन, पानीको उचित उपयोग र सिंचाई प्रणालीलाई प्रविधिमैत्री ढंगले अगाडि बढाउन उहाँले सुझाव दिनुभयो । शाखाका अध्यक्ष एवम् कार्यक्रमका सभापति विष्णुवहादुर बस्नेतले सिंचाई प्रणाली कृषि विकासको मेरुदण्ड भएको बताउँदै कृषकहरूलाई बाढी, पहिरो, भूक्षय तथा माटो कटान जस्ता जोखिम व्यवस्थापनमा सक्रिय हुन आग्रह गर्नुभयो । कृषि वालीको संरक्षण र उत्पादन वृद्धिका लागि सिंचाईलाई व्यवस्थित बनाउनु आवश्यक रहेको उहाँको भनाइ छ । संस्थाका कोषाध्यक्ष शिवबहादुर थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । सचिव विश्वराज लामिछानेले आगामी योजना र कार्यक्रमबारे जानकारी गराउँदै सिंचाई सुविधालाई विस्तार गर्दै स्थानीय जलस्रोतको संरक्षण र कृषक प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा शाखाका पूर्व अध्यक्ष घनश्याम खनाल, सल्लाहकार गणेशबहादुर खत्री, लेखनाथ उद्योग बाणिज्य संघका सल्लाहकार सदस्य भरत थापा, समाजसेवी खेमराज अधिकारी, किसान परियार र शरणकुमार प्रधान लगायतले कृषि आधुनिकीकरणको आधार स्तम्भ नै सिंचाई भएको बताउनुभयो ।

नयाँ नेतृत्वलाई बहुउद्देशीय योजनाका साथ अगाडि बढ्न सुझाव दिँदै उहाँहरूले कृषकको हितलाई प्राथमिकतामा राख्न आग्रह गर्नुभयो । अधिवेशनले शिवबहादुर थापाको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा विश्वराज लामिछाने, सचिवमा मोहनबहादुर थापा र कोषाध्यक्ष कृतिराज खनाल रहनुभएको छ । त्यस्तै सदस्यहरूमा राजु खत्री, बलराम केसी, रामबहादुर खत्री, सम्मरबहादुर खत्री, पद्‌मा बास्तोला, लालमाया थापा र भलक थापा निर्विरोध रुपमा निर्वाचित बन्नुभएको छ । निर्वाचन मण्डलको संयोजकमा संस्थाका सल्लाहकार गणेशबहादुर खत्री रहनुभएको थियो ।

# कोरला....

व्यक्तिले रोजगारी प्राप्त गरेको बताउनुभयो ।

दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टका अनुसार कोरलानाकामा व्यापारिक तथा पर्यटकीय चहलपहल बढेपछि माथिल्लो मुस्ताङका दुईतिहाइ नागरिक साविककै स्थानमा रहेका छन् । मार्ग खुलेसँगै मुस्ताङीहरू यथास्थानमै बसेर रमाइरहेका छन् । गत वर्ष यसबेलासम्म ८० प्रतिशत नागरिक जाडो छल्न बेँसी झर्ने गरेकामा यस वर्षमा लोमान्थाङ गाउँपालिकाबाट ३० प्रतिशत र लोघेकर दामोदरकुण्ड गाउँपालिकाबाट ५० प्रतिशत नागरिक बेँसी झरेका छन् ।

त्यसैगरी, कोरलानाका पूर्ण रूपमा सञ्चालनमा आएपछि जोमसोम-कोरला सडकमार्गमा सञ्चालनमा रहेका होटल यथावस्थामा खुलेका छन्भने लोमान्थाङ बजारका पूरै होटल सञ्चालनमा रहेका एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । "केही घरमा ताल्चा मारेर बेँसी झरेका छन्, अधिकांश होटल र केही घरमा मानिस बसेका छन्, कोरलानाका बन्द भएमात्र यहाँका नागरिक झर्नेवाला छन्, नत्र यही बसेर व्यापार चलाएर बस्ने मनस्थितिमा छन्", कार्यालय प्रमुख पौडेलले भन्नुभयो । प्रमुख पौडेल उपल्लो मुस्ताङमा हिउँदयामसँगै चिसो अत्यधिक बढेका कारण दैनिक जनजीवनमा समेत प्रतिकूल असर पारेको बताउनुभयो । "बिहानबेलुका माइनस २० डिग्रीसम्म पुछ, कुलो, धारा र सेप्टीट्याङ्की जम्छ भने दिउँसो घाम लाग्दा हिँडडुल गर्न सकिने भए पनि बिहान र बेलुका बाहिर निस्कन सक्ने अवस्था हुँदैन", कार्यालय प्रमुख पौडेलले भन्नुभयो । यस्तै, नेपाल-चीन कोरलानाकामा मालवस्तु ढुवानीका लागि भन्डै तीन सय बढी कन्टेनर लोडअनलोडको पर्खाइमा बसेको भन्सारका कार्यालय प्रमुख रमेश पौडेलले जानकारी दिनुभयो । चिनियाँ भन्सार, कोरलानाका र मुस्ताङ भन्सार कार्यालयमा मालवस्तु ढुवानीका साधन पैठारी र भन्सार जाँचपासका लागि लामबद्ध रहेको भन्सार प्रमुख पौडेलले सुनाउनुभयो ।

# बसिर अहमद बने अर्धशतक जोड्ने १३औँ खेलाडी

**रासस**
काठमाडौं, १२ मंसिर

विराटनगर किङ्सका बसिर अहमद राजधानीमा जारी नेपाल प्रिमियर लिग (एनपिएल)मा अर्धशतक हिर्काउने १३औँ खेलाडी बनेका छन् ।

उनले कर्णाली याक्सविरुद्धको खेलमा ३७ बलमा दुई छक्का र तीन चौकाको मद्दतमा अर्धशतक पूरा गरे । उनी जारी सिजनमा अर्धशतक हिर्काउने १३औँ खेलाडी बने पनि हालसम्म १७ अर्धशतक बनेका छन् । जसमा चितवन राइनोजका रवि बोपराले तीन, पोखरा एभेन्जर्सका कुशल भुर्तेल र कर्णाली याक्सका प्रियान्क पन्चालले दुई-दुई अर्धशतक हिर्काएका छन् ।

यस्तै, सुदूरपश्चिम रोयल्सका विनोद भण्डारी, जोश ब्राउन, हरमित सिंह, विराटनगर किङ्सका लोकेश बम, मार्टिन गुप्टिल, पोखराका सुमित बर्माले, काठमाडौं गोर्खाजका जोन सिम्प्सन, जनकपुर बोल्ट्सका वायन पार्नेल र आशिफ शेखले एक-एक अर्धशतक हिर्काएका छन् । कर्णालीका मार्क वाटमात्र जारी प्रतियोगितामा शतक हिर्काउने खेलाडी हुन् ।

## रक्तदान जीवनदान

- रगतको अभावले बर्षेनि हजारौं मानिसको ज्यान जान सक्छ,
- रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
- रगत स्वस्थ मानिसबाट दान स्वरुप प्राप्त हुने वस्तु हो,

**रक्तदाताले:**

- रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ.
- अत्याधिक थकान, ज्वरो, र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुँदैन,
- ३-४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ,
- रक्तदानपश्चात् केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ.
- रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ.
- मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुँदैन,
- १८ देखि ६० वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
- रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, बरु यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ ।

रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# उद्यमशीलतातर्फ शुक्लागण्डकीका महिला

पोखरापत्र संवाददाता
तनहुँ, १२ मंसिर

रैथाने खेतीलाई प्रोत्साहन गर्दै स्वस्थकर खाद्य उत्पादनमा यहाँका महिला जुटेका छन् । महिला उद्यमशीलताको विकाससँगै स्वस्थ्यकर खाद्यवस्तु बजारमा उपलब्ध गराउने उद्देश्यले यहाँका महिलाले 'शुक्लागण्डकी सातु उद्योग' सञ्चालन गरेका हुन् ।



तालिमलाई अवसरका रूपमा उपयोग गर्दै महिलाले गत कात्तिक २८ देखि तनहुँको शुक्लागण्डकी नगरपालिका-४ दुलेगौँडा बजारमा स्वस्थकर खाद्यवस्तु उत्पादनका लागि उद्योग सञ्चालनमा ल्याएका हुन् ।

महिला उद्यमी सङ्घ नेपाल शुक्लागण्डकी एकाइमा आबद्ध १३ महिला स्थानीय उपजबाट सातु उत्पादनमा जुटेका शुक्लागण्डकी सातु उद्योगकी संयोजक सरस्वती गौतमले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गाउँघरमा उत्पादित खाद्यान्न खाएर बाँकी रहेका रैथाने बाली खरिद गरी सातु उत्पादनमा जुटेका छौँ । बजारमा स्वस्थकर खाद्य पुऱ्याउनुका साथै महिला उद्यमशीलता बढाउँदै आत्मनिर्भर बन्ने हाम्रो लक्ष्य हो ।"

एकाइका १३ जना महिलाले व्यक्तिगत रूपमा रु तीन लाख ५० हजार रकम सङ्कलन गरी सोही लागतमा उद्योग स्थापना गरी रैथाने उत्पादन तथा प्रवर्द्धनमा जुटेको गौतमले बताउनुभयो । उहाँले भन्नुभयो, "उद्योगमा आवश्यक कच्चापदार्थ स्थानीय कृषकबाट खरिद गरिन्छ । उद्योग स्थापनासँगै ग्रामीण क्षेत्रमा पुगेर स्वस्थकर कृषिउपज उत्पादनमा प्रोत्साहन गर्दै आएका छौँ ।" कृषकले उद्योगमा बिक्रीका लागि ल्याएका उपजमा विषादीको प्रयोग भए/नभएको परीक्षण गरेर खरिद गर्ने गरिएको गौतमले जानकारी दिनुभयो । गरपालिकाले दिएको आधारभूत र 'एडभान्स' (विस्तृत) तालिमलाई औद्योगिकीकरणमा लैजान सहज भएको उद्यमी महिला सङ्घका पदाधिकारीको भनाइ छ । उद्योग सञ्चालन गर्न आधारभूत तालिमले सम्भव नभएपछि एडभान्स तालिमपश्चात् उद्योग सञ्चालन गरिएको बताइएको छ । उद्योगका उपाध्यक्ष कमला सिग्देलले महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यसहित स्वस्थकर खानाको प्रवर्द्धनमा यहाँका महिला जुटेका बताउनुभयो । उहाँले स्थानीय उत्पादनलाई उद्योगमार्फत प्रयोगमा ल्याउनुका साथै यसले महिलाको आर्थिकस्तर सुधार गर्ने धारणा राख्नुभयो ।

"नगरपालिकाले दिएको तालिमलाई व्यवहारमा उतारेर आर्थिक रूपमा महिलालाई समृद्ध बनाउने उद्देश्यले उद्योग सञ्चालन गरिएको हो", सिग्देलले भन्नुभयो । चुल्होचौकोमा सीमित महिलालाई आयसँग जोड्ने लक्ष्य लिएको भन्दै उहाँले स्थानीय उत्पादनमार्फत आर्थिकस्तर सबल बनाउने विश्वास व्यक्त गर्नुभयो ।

सातु उद्योग स्थापनासँगै यहाँका रैथाने उत्पादनलाई यही खपत गर्न सकिने भएको छ । स्थानीयस्तरमा उत्पादन भएका खाद्यवस्तुको उपयोग भएको भन्दै उद्योगका सचिव सपना पराजुलीले स्थानीयस्तरमा उत्पादित मकै, भटमास, फापर, कोदोलगायत खाद्यवस्तुबाट सातु बनाइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "ग्रामीण भेगमा फलेका स्थानीय तथा रैथाने बालीको उपयोगलाई प्राथमिकता दिइएको छ ।" शुक्लागण्डकी-४ का वडाध्यक्ष राजकुमार वाग्लेले वडाकै गहनाका रूपमा उद्योग स्थापना भएको बताउनुभयो । उहाँले भन्नुभयो, "नगरपालिका वा वडाले दिएको तालिम यसअघि तालिममा मात्रै सीमित हुने गरेका थियो । अहिले महिलाले तालिमलाई अवसरका रूपमा उपयोग गर्नुभएको छ ।" यस उद्योगमार्फत स्वस्थकर खाना, खाजा पाउनुका साथै आर्थिक रूपमा महिलालाई समृद्ध हुने उहाँको भनाइ छ । शुक्लागण्डकी-४ दुलेगौँडा बजारका विष्णुबहादुर महतले जैविक र अर्गानिक विधिबाट उत्पादित स्वस्थकर खाद्यवस्तुका रूपमा सातु पाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँको उत्पादन उपयोग गर्न थालेपछि बजारमा आएका पाउडर मिसिएका खाद्यवस्तु चिन्न सकिएको छ । उद्योगमा पुगेर सातु ल्याउने गरेको छु । आगामी दिनमा आफन्तका लागि पनि उपहारका रूपमा सातु लैजाने तयारी गरिरहेको छु ।" उहाँले भन्नुभयो, "प्याकेजिङ अङ्ग्रेजीमा पनि बनाउन सकिएमा विदेश सप्लाई गर्न सजिलो हुन्छ । विदेशमा आफन्तलाई अर्गानिक उत्पादन पठाउन पाउने व्यवस्था उद्योगले गर्नुपर्छ ।" कुनै पनि बाह्य पदार्थको मिश्रण नभएका खाद्य सातु खाएपछि बाहिरबाट लिन मन नलागेको महतले बताउनुभयो । यहाँको सातु स्वादिलो र स्वस्थकर रहेको उहाँको भनाइ छ ।

उद्योग भर्खर मात्रै सञ्चालनमा ल्याइएकाले प्रभावकारी बजारीकरण हुन नसकेको उद्योगका सदस्यको भनाइ छ । उत्पादन सुरुआतको चरणमा रहेकाले शीघ्र स्थानीय पसलमार्फत सातु बिक्रीको व्यवस्थापन गर्ने तयारी भइरहेको उद्योगले जनाएको छ । यहाँ मकै, भट्मास, चना, फापर, कोदोलगायतका अन्नबाट बनेका सातु, पिठो तथा चिउरालगायत स्थानीय खाद्य परिकार उत्पादन हुन्छन् । शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले हानिकारक 'फास्ट फुड'ले रोग बढाइरहेको अवस्थामा स्वस्थकर उत्पादनका लागि स्थापित उद्योगले छिट्टै बजारमा स्थान बनाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "प्रविधिको युगमा अस्वस्थ खाद्यले मानिस निराश भएका छन् । यस उद्योगमार्फत जैविक उत्पादनको उपयोगले स्वास्थ्यलाई राम्रो सहयोगपुग्नेछ ।" सातुलाई खाजाका रूपमा प्रयोग गर्न प्रोत्साहित गरिने उहाँले बताउनुभयो ।

नगरप्रमुख पण्डितले भन्नुभयो, "विशेषगरी स्थानीयस्तरमा उत्पादित खाद्यको मात्रा मिलाएर सातु बनाइएको छ । बालबालिकालाई खुवाउने सर्वोत्तम पिठो प्रयोग गर्नुभन्दा सातुको उपयोग गर्न सकिन्छ । यहाँका विद्यालयमा दिइने खाजामा पनि सातु प्रयोग गर्न सुझाउनेछौँ । यो बालबालिकाका लागि स्वस्थकर खाना, खाजा हुनेछ ।"

# देशभर कृषि सर्वेक्षण गरिँदै

रासस
काठमाडौँ, १२ मंसिर

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सरकारले कृषि क्षेत्रको विकासका लागि देशभर कृषि सर्वेक्षण सुरु गरेको छ । मन्त्रालयले सबै स्थानीय तह, प्रदेशको कृषि मन्त्रालयलगायत सरोकार भएका निकायसँगको समन्वयमा तथ्याङ्क सङ्कलन सुरु गरेको हो ।

तथ्याङ्क लिँदा दोहोरो गणना हुन सक्ने भएकाले एकद्वार प्रणालीबाट स्थानीय तहसँग समन्वय र सहकार्य गरिएको मन्त्रालयका तथ्याङ्क शाखा प्रमुख रामकृष्ण रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार कृषि उत्पादन, पशुपालन, लागत, बजारीकरण, आम्दानी, सिँचाइ, पूर्वाधारको अवस्थालगायत विस्तृत विषयवस्तुलाई तथ्याङ्क सङ्कलन गरिने छ ।

गणकले किसानसँग प्रत्यक्ष भेटेर कृषि सर्वेक्षण गरिरहेका छन् । नमूना विधिका माध्यमबाट सङ्कलन गरिने तथ्याङ्कमा पहिलो चरणमा छ लाख किसान छनोट गरिने रेग्मीले जानकारी दिनुभयो । तीमध्येबाट ५१ हजार किसान छनोट गरी कृषि क्षेत्रमा उनीहरूको अनुभव तथा सरकारबाट प्रवाह गरिएका सेवा, सहुलियतमा लक्षित वर्गको पहुँच तथा समस्या पहिचान गरी आधिकारिक तथ्याङ्क सङ्कलन गरिने छ । राष्ट्रिय जनगणना र कृषि गणनापछिको महत्त्वपूर्ण राष्ट्रियस्तरको कार्यक्रमका रूपमा कृषि सर्वेक्षणलाई लिइएको छ । देशभर तथ्याङ्क सङ्कलन भएपछि त्यसलाई थप अध्ययन गरी अन्तिम परिणाम आगामी पुससम्म सार्वजनिक गरिने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयले सर्वेक्षण तथा तथ्याङ्क सङ्कलनका लागि स्थानीय तहमा क्षमता अभिवृद्धि गर्न तालिम तथा आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ । कृषि नीति तथा योजना तर्जुमा गर्न वैज्ञानिक आधार तयार पार्न तथ्याङ्क महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

# सिद्धगुफाको प्रवर्द्धन गर्दै बन्दीपुर गाउँपालिका

पोखरापत्र संवाददाता
दमौली, १२ मंसिर

नेपालकै ठूलो मानिएको बन्दीपुर गाउँपालिका-४ विमलनगर स्थित सिद्धगुफाको प्रवर्द्धनमा गाउँपालिका जुटेको छ । प्रचुर सम्भावना बोकेर पनि ओझेलमा परेको सिद्धगुफाको प्रचारप्रसार गर्दै धेरैभन्दा धेरै पर्यटक भित्र्याउन गाउँपालिका लागिपरेको हो ।



पृथ्वीराजमार्गबाट २० मिनेट पैदलयात्रामार्फत पुगिने सिद्धगुफाको प्रचारप्रसार गर्न सकिए धेरै पर्यटक भित्र्याउन सकिने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापा बताउनुहुन्छ । तर यसको सोचेअनुसार प्रचारप्रसार हुन नसक्दा पर्यटकको उल्लेख्य आगमन हुन नसकेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "यसको जति मात्रामा प्रचारप्रसार भयो त्यति गुफामा आउने मानिसको चहलपहल बढ्छ । यसले बन्दीपुरको पर्यटन पनि उचालिन्छ र यहाँका स्थानीयको आयआर्जन पनि बढ्छ ।" सिद्धगुफाको प्रचारप्रसार राष्ट्रियस्तरमा गर्न आवश्यक रहेकामा जोड दिँदै अध्यक्ष थापाले यसको प्रवर्द्धनका लागि गाउँपालिकाले बजेट विनियोजन गरेको बताउनुभयो । थापाले यस ठाउँमा रङरोगन, सिँढी मर्मत, बस्ने आरामस्थल निर्माण गरिने बताउँदै सौन्दर्यकरणको कामलाई जोड दिइएको बताउनुभयो । धार्मिक महत्वका हिसाबले पनि सिद्धगुफा महत्त्वपूर्ण रहेको बताउँदै अध्यक्ष थापाले यहाँ बोलबम मेला लाग्ने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ सिद्धबाबाको दर्शन गर्न पाइन्छ, यहाँ दर्शन गरेपछि चिताएको कुरा पुग्छ भन्ने किंवदन्ती छ ।" देशका महत्वपूर्ण ठाउँमध्ये एकपटक पुगिपर्ने ठाउँ भनेर सिद्धगुफालाई बनाउन गाउँपालिका जुटेको उहाँले उल्लेख गर्नुभयो । सिद्धगुफा विकास समितिले लामो समयदेखि यसको व्यवस्थापन गर्दै आए पनि उक्त समिति सक्रिय नभएकाले गाउँपालिकाले तत्काल अधिवेशन गर्न निर्देशन दिइसकेको छ । उहाँले भन्नुभयो, "अब सिद्धगुफाको व्यवस्थापन गाउँपालिका आफैँले गर्ने सोचिरहेको छ । त्यसो हुँदा यसको एकीकृत विकास गर्न सकिन्छ ।" गण्डकी प्रदेश सरकारको सहयोगमा बन्दीपुर बजारबाट सिद्धगुफा झर्ने बाटोमा रेलिङ निर्माण, ढुङ्गा छापेर पैदलमार्ग बनाइएको छ । सिद्धगुफा विकासका लागि नवप्रवर्तन साझेदारी कोषअन्तर्गत रु एक करोड तीन लाख ९५ हजार ३०० मा यहाँ सौन्दर्यकरणको काम गरिएको अध्यक्ष थापाले बताउनुभयो । बन्दीपुर गाउँपालिकाका उपाध्यक्ष पञ्चमाया गुरुङले चालु आवमा सिद्धगुफाका लागि रु १० लाख बजेट विनियोजन गरिएको जानकारी दिनुभयो । स्थानीयवासी भीम घलेले सिद्धगुफाको प्रचारप्रसारमा कमी भएको बताउनुभयो । सिद्धगुफाको प्रचारप्रसार गर्न नसक्नु स्थानीयवासीको पनि कमजोरी भएको बताउँदै उहाँले भन्नुभयो, "अब सिद्धगुफाको प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन गाउँपालिकाले पनि पहल गर्नुपर्छ ।" सिद्धगुफा पुग्नुभएका प्रेमप्रसाद पौडेलले यस ठाउँ आकर्षक रहेको बताउनुभयो । गुफाभित्र रहेका विभिन्न आकृतिले थप मोहित बनाउने बताउँदै उहाँले भन्नुभयो, "गुफा त धेरै ठूलो रहेछ, पृथ्वीराजमार्गबाट नजिकै भएकाले यस ठाउँ उपयुक्त गन्तव्यस्थल बन्छ ।" सिद्धगुफाको प्रचारप्रसारका लागि नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाले मङ्गलबार कार्यसमितिको बैठक गुफाभित्रै सम्पन्न गरेको छ । सिद्धगुफाको प्रचारप्रसारमा जिल्लास्थित सञ्चारकर्मीले सघाउने शाखाका अध्यक्ष डिपी अधिकारीले प्रतिबद्धता व्यक्त गर्नुभयो । विसं २०४४ चैत १३ गते स्थानीयवासी चन्द्रबहादुर थापामगर, दुर्गाबहादुर थापामगर, नरबहादुर थापामगर, नारायणबहादुर कुमाल र तत्कालीन नोट्रेडेम उच्च माध्यमिक विद्यालय बन्दीपुरका शिक्षक भारतीय नागरिक वारेन्ट क्वाड्रससमेत पाँच जनाको समूहद्वारा पहिलोपटक यो गुफा पत्ता लागेको थियो । पुरातत्वविद्का अनुसार प्राकृतिक बनावट, भौगोलिक उथलपुथल र जीवन सुरक्षाका लागि प्रागकालीन मानवद्वारा निर्मित, धार्मिक एवं ऐतिहासिक पुरातात्विक महत्वको यस गुफालाई अन्दाजी ३५ सय वर्ष पुरानो मानिएको छ ।

गुफा ४५० मिटर लामो छ । सुरुमै गुफाभित्र फेला पारिएका पुरातात्त्विक प्राचीन वस्तुहरू अक्षर मेटिएको तामाका पैसा, माटोबाट बनेको टुक्रिएको पानीको घैँटो, सुराहीको आधा भाग, पाला, धुपाउरो, पानस, जनावरको दाह्रा र टेराकोटाको शुल्पा र सानो थालजस्तो आदि इसं १६ र १७औँ शताब्दीअघिको अनुमान गरिएको छ । केही भागमा पानी भए पनि घामको प्रकाश नहुने भएकाले लेउ नलाग्ने हुँदा चिप्लो पनि छैन । करिब पाँच सय मिटरभित्रसम्म हिँडेपछि गुफाको आकार झनै ठूलो छ । लगभग आठ सय मिटर लम्बाइ रहेको यो गुफाभित्र चुनढुङ्गा पग्लेर बनेका अनेकौँ आकृति हेर्न सकिन्छ । कतै भगवानको मूर्ति त कतै चराचुरुङ्गी र जनावरका तथा विभिन्न आकृतिहरू भेटिन्छन् ।

# एउटै गोठमा ५७ वैदिक गाई संरक्षण

पोखरापत्र संवाददाता
बागलुङ, १२ मंसिर

बागलुङको मालिकामा एकै स्थानमा ५७ वटा गाई पालिएको छ । हिन्दू धर्ममा भगवानको स्वरूप मानेर पूजा गरिँदै आएका स्थानीय प्रजातिका वैदिक गाईको संरक्षणका लागि संरक्षण केन्द्र नै सञ्चालन गरेर पालिएको हो ।



विसं २०७२ मा जिल्ला प्रशासन कार्यालयमा गण्डकी गोपाल गौवंश संरक्षण केन्द्र दर्ता गरेर बागलुङ नगरपालिका-५ मालिकामा वैदिक गाई पाल्न सुरु गरिएको थियो । अनन्तश्री विभूषित मुक्तिनाथ पीठाधिश्वर स्वामी कमलनयनाचार्य मुक्तिनाथ बाबाको परिकल्पनामा निर्मित गौवंश संरक्षण केन्द्र स्थापना गरिएको थियो । विसं २०७२ मा पर्वतको जलजला गाउँपालिका-७ स्थित धाइरिङको गण्डकी गोपाल गौशालाबाट एउटा गाई हेलिकप्टरमा ल्याएर सुरुआत गरिएको गौवंश संरक्षण केन्द्रमा यतिबेला एउटा साँढेसहित ५७ वटा गाई छन् । स्थानीयको निःशुल्क प्राप्त ८ रोपनी जमिनमा करिब आठ लाखका संरचना निर्माण गरिएको छ । स्थानीय प्रजातिका वैदिक गाई संरक्षणमात्र होइन, गाईको गहुँत प्रशोधन गरेर आयुर्वेद औषधि बनाउने तयारीसमेत गरिएको संरक्षण केन्द्रका अध्यक्ष गोविन्दप्रसाद आचार्यले बताउनुभयो । "संरक्षण केन्द्रका गाई बिहान एकपटक मात्र दुहिन्छ, त्यो पनि बाच्छाबाच्छी अघाएपछि, यहाँका बाच्छाबाच्छी दाम्लोमा बाँधिन्न, चौबीसै घण्टा खुला छोड्छौँ", अध्यक्ष आचार्यले भन्नुभयो, "संरक्षण केन्द्रका परिकल्पनाकार मुक्तिनाथ बाबाको इच्छाअनुसार बाच्छाबाच्छी अघाएपछिमात्र बिहान एक छाक दूध दुहुने हो, साँझमा दुहुने चलन छैन ।" थोरैथोरै भएको दूध घ्यू पूजापाठमै प्रयोग हुन्छ । पछिल्लो समय गाउँघरमा जर्सी गाई पाल्नेहरू बढ्दैछन् । स्थानीय प्रजातिका गाई देख्नै मुस्किल छ । संरक्षण केन्द्रमा स्थानीय प्रजातिका गाई सङ्ख्या बढ्दै जाँदा धार्मिक पर्यटकको सङ्ख्या पनि बढ्दै छ । बागलुङको पञ्चकोट घुम्न जाने अधिकांश पर्यटक गौवंश संरक्षण केन्द्रमा समेत पुग्न थालेको पञ्चकोट विकास परिषद् बागलुङका अध्यक्ष जगन्नाथ आचार्यले बताउनुभयो ।

संरक्षण केन्द्रका अध्यक्ष आचार्यले भन्नुभयो, "तिहारको गाईपूजामा गाई पुज्नेहरूको भीड नै लाग्यो, डेढ लाख त भेटीमात्र उठ्यो । एकैठाउँमा स्थानीय प्रजातिका धेरै गाई भएपछि तिहारमा मात्र होइन अन्य समयमा पनि पाठपूजा, वैतरणी गर्न आउनेहरूको सङ्ख्या बढ्न थालेको छ । गाईको गहुँतसमेत लिन आउनेको सङ्ख्या बढ्दो छ ।" उहाँका अनुसार यहाँका गाईलाई कृत्रिम गर्भाधान गराउन पाइँदैन । गाईको गोबरबाट निकट भविष्यमा धुप निर्माण गर्ने योजना रहेको अध्यक्ष आचार्यको भनाइ छ । गौवंश संरक्षण केन्द्र पञ्चकोट विकास परिषद्को सहयोगमा चल्दै आएको छ । गाईको रेखदेख र हेरचाहका लागि पाँच जना गौसेवक खटिएका छन् ।

घाँस काट्ने, गोबर सोर्ने, दानापानी खुवाउने काममा खटिने गौसेवकलाई पारिश्रमिक पञ्चकोट विकास परिषद्ले उपलब्ध गराउँदै आएको छ । संरक्षण केन्द्रका गाईलाई बागलुङ नगरपालिकासँगै काठेखोला, जैमिनी र पर्वतबाट समेत स्थानीयले निःशुल्क पराल उपलब्ध गराउँदै आएका छन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : आर्थिक समस्या |
| वृष | : व्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्यटन प्रवर्द्धन गर्न जोड्न पोखरामा दाइँ महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, १२ मंसिर

कृषिलाई पर्यटनसँग जोड्ने लक्ष्यका साथ भोलि पोखरा महानगरपालिका-१९ पुरनचौरको चुरुङ्गामा दोस्रो संस्करणको दाइँ महोत्सव हुने भएको छ ।

पोखरा पर्यटन परिषद्ले स्थानीय चुरुङ्गा टोल विकास विकास संस्थासँगको सहकार्य एवं पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा महोत्सव गर्न लागेको हो ।

कृषि पर्यटनमार्फत देशको पर्यटन क्षेत्रलाई अझै फराकिलो बनाउन, नयाँ पुस्तालाई परम्परागत कृषि प्रणालीबारे जानकारी गराउनुका साथै आन्तरिक तथा बाह्य पर्यटकनको प्रवर्द्धनमा टेवा पुऱ्याउन महोत्सव आयोजना गरिएको परिषद्का अध्यक्ष तारानाथ पहारीले जानकारी दिनुभयो ।


## विमालेख हरायो

यहि मिति २०८२/०७/०५ गते चिप्लेढुंगाबाट पृथ्वीचोक जाने क्रममा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाली लि.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

विमितको नाम: विष्णुकुमारी गुरुङ
विमालेख नं.१३००१६८२२
सम्पर्क नं. ९८४६३३७८४०

# महिला हिंसा विरुद्ध १६ दिने अभियानमा महिला मानवअधिकार रक्षकहरुको अन्तर्राष्ट्रिय दिवस स्याङ्जामा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १२ मंसिर

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको क्रममा स्याङ्जामा शुक्रबार महिला मानवअधिकार रक्षकहरुको अन्तराष्ट्रिय दिवस मनाउनुको साथै अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रमको साथमा लैङ्गिक हिंसा विरुद्धको प्रतिबद्धता अभियानमा हस्ताक्षर कार्यक्रम भएको छ ।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभा सदस्य कल्पना तिवारीले सबै जनाको एकिकृत प्रयासबाट नै लैङ्गिक हिंसा अन्त्य गर्नु पर्ने कुरामा जोड दिनु भयो । उहाँले अझै पनि महिलाहरु राजनीतिक र आर्थिक अधिकारको लागि संघर्ष गर्नु परिरहेको भएतापनि र हरेक क्षेत्रको नेतृत्व गर्न महिलाहरु सक्षम रहेको कुरा बताउनु भयो । आँधीखोला गाउँपालिका उपाध्यक्ष सिता थापाले लैङ्गिक हिंसा अन्त्य गर्दै न्याय र समानतामा आधारित समाज स्थापनाको लागि महिलाहरु आत्मबल बलियो बनाएर लाग्नु पर्ने बताउनु भयो ।

सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदीले महिला हिंसाका विभिन्न नयाँ रुपहरु देखा परेका सो मध्य प्रविधिको दुरुपयोगको असर महिलाहरुमा परेको हुदाँ सचेनता सँगै कानूनी उपचारबाट लैङ्गिक हिंसा अन्त्य गर्नु पर्ने बताउनु भयो । कोपिला नेपालकी कार्यकारी निर्देशक विना सिलवालले अझै पनि हिंसामा परेका महिलाहरु समाजले के भन्ला भनेर आफ्ना पिडा लुकाउन बाध्य भएको र महिला हिंसा अन्त्य गर्दै उनीहरुका अधिकार स्थापित गराउन राज्यको विशेष ध्यान दिनुपर्ने बताउनु भयो ।



मानवअधिकार तथा शान्ति सामाज स्याङ्जाका अध्यक्ष भवानी अधिकारीले बालिकाहरु भ्रुण देखीनै असुरक्षित भएको हुदाँ उनीहरुको जन्म हुन पाउने अधिकार नै गुमेको बताउनु भयो । महिला मानवअधिकार रक्षकहरुको सञ्जाल स्याङ्जाकी अध्यक्ष तिलकुमारी रेग्मीले महिलाहरु अझै पनि घरायसी काममा सीमित हुन परेको र हिंसाका घटना भइरहेको हुदाँ कानूनी र सचेतना कार्यक्रमले त्यसलाई न्यूनिकरण गर्न सकिने बताउनु भयो । सामाजिक विकास कार्यालय प्रमुख जीवन पौडेलले स्याङ्जा जिल्ला भित्र हिंसा परेका महिलाहरुको उद्धार र सहायताको लागि कार्यालयले अल्पकालिन आश्रय स्थल बनाएको र त्यहाँबाट उनीहरुलाई कानूनी सहायता र बसाइको व्यवस्थापन गरिएको बताउनु भयो । उहाँले गण्डकी प्रदेश सरकारले दिर्घकालिन पुनर्स्थापना केन्द्रबाट हिंसामा परेका महिलाहरुलाई सक्षमता बनाएर समाजमा सहज वातावरणबाट बाँच्न सक्ने कदम अगाडी बढेको बताउनु भयो ।

कार्यक्रममा गल्याङ नगरपालिका उपप्रमुख हिमा न्यौपाने, कालिगण्डकी गाउँपालिका उपाध्यक्ष सावित्री कोइराला, फेदीखोला गाउँपालिका अध्यक्ष देउकुमारी गुरुङ, एकद्धार संकट व्यवस्थापन केन्द्र प्रमुख गिता न्यौपाने , स्याङ्जाका ११ वटै स्थानीय तहका महिला शाखाका कर्मचारीहरु, विभिन्न विद्यालयका शिक्षिका, जिल्ला स्थित जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायतका कर्मचारीहरु, आमा समूह पदाधिकारी, मानवअधिकार तथा शान्ति समाज स्याङ्जा र महिला मानवअधिकार रक्षक सञ्जाल स्याङ्जाका पदाधिकारी र सदस्यहरु , विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा भु.पू. सैनिक आवासीय माविकी छात्रा कञ्चन ले हामी नारीबोलको गीतमा स्वागत नृत्य गरेकी थिइन् । एकिकृत सेवा कार्यालय स्याङ्जाका सहायक प्रशासकिय अधिकृत द्रोण प्रसाद पनेरुले सञ्चालन गर्नुभएको कार्यक्रमको अध्यक्षता सो कार्यालयका कार्यालय प्रमुख जीवन पौडेलले गर्नु भएको थियो ।

एकिकृत सेवा कार्यालयको आयोजना र महिलाको अधिकार र हकहितको क्षेत्रमा लाग्नु भएका मानवअधिकार तथा शान्ति समाज स्याङ्जा , महिला मानवअधिकार रक्षकको सञ्जाल स्याङ्जा र एकद्धार संकट व्यवस्थापन केन्द्र स्याङ्जाको समन्वयमा जिल्ला समन्वय समिति स्याङ्जाको हलमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसर पारेर कार्यक्रम सम्पन्न भएको हो । गत वर्षबाट यस दिवस स्याङ्जामा मनाउन सुरु भएको एकिकृत सेवा कार्यालयले जनाएको छ । प्रत्येक वर्ष नोभेम्बर २९ तारिखका दिनमा महिला मानव अधिकार रक्षकको अन्तराष्ट्रिय दिवस मनाइन्छ ।

# भेटी परिचालन गरेर गलेश्वरलाई उज्यालो बनाइयो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ मंसिर

भक्तजनले चढाएको भेटीमार्फत भएको आम्दानी परिचालन गरेर म्याग्दीको बेनी नगरपालिका-९ स्थित धार्मिकस्थल गलेश्वर मन्दिर परिसरलाई रातिको समयमा पनि उज्यालो बनाइएको छ ।

गलेश्वर क्षेत्र विकास कोषले 'हाइ मस्ट लाइट' जडान गरेर मन्दिर परिसर रातमा पनि उज्यालो भएको हो । म्याग्दीमा पहिलोपटक गलेश्वरमा बिहीबार यस्तो प्रविधिको विद्युत् लाइट जडान गरिएको हो । रु नौ लाख ७४ हजार खर्चेर बत्ती जडान गरेको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले जानकारी दिनुभयो । "गलेश्वर मन्दिर दर्शनका लागि आएका भक्तजनले चढाएको भेटीलगायत आन्तरिक आम्दानी परिचालन गरेर बत्ती जडान गरिएको हो", उहाँले भन्नुभयो, "रातको समयमा पनि उज्यालो भएपछि भक्तजनलाई सहज, सुरक्षा व्यवस्थापनमा सहयोग पुग्नुका साथै गलेश्वर मन्दिर परिसर पनि रमणीय देखिएको छ ।" सोह्र मिटर अग्लो विद्युत्को पोलको टुप्पामा चारैतिर फर्काएर चार-चार सय वाट क्षमताका आठ वटा बत्ती राखिएको छ । अग्लो



पोलमा राखिएको बत्तीले मन्दिर परिसरलाई उज्यालो बनाएको छ । रातको समयमा मात्र बत्ती बल्ने र दिउँसो बन्द हुने स्वचालित उपकरण जडान भएको छ । कोषका संरक्षकसमेत रहनुभएका प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले बत्तीको स्वीच थिचेर बिहीबार साँझ उद्घाटन गर्नुभयो । कोषका पदाधिकारी, नेपाल विद्युत् प्राधिकरणको बेनी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीलगायत प्राविधिक र आपूर्तिकर्ता कम्पनीका प्रतिनिधि टोलीको उपस्थिति थियो। हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथ प्रवेशद्धारका रूपमा परिचित गलेश्वर म्याग्दीको प्रमुख धार्मिकस्थल हो । कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै चट्टानमाथि अवस्थित गलेश्वरमा शिवालय मन्दिर छ। हिन्दू धर्मगन्थ्रमा गलेश्वरमा सतिदेवीको गला पतन भएको उल्लेख छ । साउनको सोमबार, बालाचतुर्दशी र महाशिवरात्रि पर्वमा मेला लाग्ने गलेश्वरमा दैनिक पूजाआज हुन्छ। गलेश्वरमा पूजाआजा र दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वास छ। गलेश्वर मन्दिरमा दाताले चढाउने भेटी र दाताको सहयोग पूर्वाधार निर्माण, स्थानीय विकास र सामाजिक क्षेत्रमा परिचालन गरिएको छ । यस वर्ष बेनी नगरपालिकासँग साझेदारी गरेर गलेश्वर बजार सौन्दर्यकरण योजनालाई निरन्तरता दिइएको कोषका सदस्यसचिव सम्मरबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार गलेश्वर बजार क्षेत्रलाई धार्मिक सङ्गीतमय बनाउन सात ठाउँमा स्पिकर जडान गर्ने तयारी भएको छ।

# निर्माणाधीन नगर अस्पतालको तेस्रोपटक म्याद थप

**पोखरापत्र संवाददाता**
दमौली, १२ मंसिर

तनहुँको भिमाद नगरपालिका-६ स्थित भिमाद नगर अस्पताल निर्माणका लागि तेस्रोपटक म्याद थप गरिएको छ । सङ्घ सरकारको प्रत्येक पालिकामा नगरस्तरीय अस्पताल बनाउने उद्देश्यबमोजिम २०७८ साल असार २५ गते अस्पताल भवन निर्माणका लागि सम्झौता भएको थियो ।

निर्धारित मितिमा काम हुन नसकेपछि तेस्रोपटकका लागि २०८३ साल जेठ ३० गतेसम्म म्याद थप गरिएको भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले जानकारी दिनुभयो । अस्पताल भवन निर्माणमा ढिलाइ भएपछि नगरपालिकाले पटकपटक ताकेता गरेको उहाँको भनाइ छ।

तेस्रोपटक म्याद थप हुँदासम्म हालसम्म एक चौथाइमात्र प्रगति भएको छ । रु ११ करोड ८६ लाख ६७ हजारको लागतमा नगरस्तरीय अस्पताल भवन निर्माण गर्न लागिएको सुवेदीको भनाइ छ । भिमाद प्राथमिक स्वास्थ्य केन्द्रलाई नगरस्तरीय अस्पतालका रूपमा स्तरोन्नति गरी १५ शयूयाको अस्पताल बनाउने काम सुरु भए पनि विगतमा बजेट अभावका कारण काम रोकिएको थियो । भवन निर्माणका लागि नेपाल सरकार र राजेन्द्र दिवस ज्येवाडण्डा जेभी कन्ट्रक्सनबीच २०७८ साल असार २५ गते ठेक्का सम्झौता भएको थियो ।

सम्झौताको १७ महिना २०७९ साल माघभित्र निर्माण सम्पन्न गर्नुपर्ने म्याद रहेको थियो। यसअघि भवन निर्माणको म्याद २०८१ साल असोज २४ गतेसम्मका लागि म्याद थप भएको थियो ।

अस्पताल भवन चारतलाको निर्माण गरिनेछ । भवन निर्माण भएपश्चात विशेषज्ञ चिकित्सकसहितको सेवा प्रवाह गर्ने लक्ष्य राखिएको छ। भवन बनेपछि शल्यक्रिया कक्ष, बर्थिङ सेन्टर, प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, दन्त सेवा र नेत्र सेवा सञ्चालन गर्न छुट्टाछुटै कोठाको प्रयोग गरिने नगरपालिकाले जनाएको छ । हाल भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा एक मेडिकल अधिकृत, एक स्टाफ नर्स, एक एचए, तीन अहेव, तीन अनमी, एक ल्याब सहयोगी र एक जना कार्यालय सहयोगीको जनशक्ति छ । नगरपालिकाले आन्तरिक स्रोतबाट अस्पतालमा चार जना स्वास्थ्यकर्मीको व्यवस्था गरेको छ।

# विन्ध्यवासिनीको हाजिरी जवाफमा गायत्री प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ मंसिर

विन्ध्यवासिनी मावि बाटेलेचौरले आयोजना गरेको हाजिरी जवाफ प्रतियोगितामा गायत्री आधारभुत विद्यालय घार्मी प्रथम भएको छ।

पोखराका वडा नं १६ र १९ भित्रका सामुदायिक विद्यालयले सहभागिता जनाएको प्रतियोगितामा विन्ध्यवासिनी मावि द्वितीय,धारा आधारभुत विद्यालय तृतीय र भारतिभवन माविले सान्त्वना स्थान प्राप्त गरेको विद्यालयका सुचना अधिकारी नविन अधिकारीले जानकारी दिए ।विजयी विद्यार्थीलाई पोखरा महानगर शिक्षा महाशाखाका शिक्षा अधिकृत



जीवनप्रसाद रेग्मी र विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले नगद पुरस्कार र प्रमाणपत्र वितरण गरे । त्यसअघि कार्यकैमको उद्धाटन गर्दै शिक्षा अधिकृत जीवनप्रसाद रेग्मीले यस्ता कार्यक्रमले विद्यार्थीको बौद्धीक ज्ञानको विकासमा सहयोग पुर्याउने बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्दीप थापाको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानाध्यापक कृष्णप्रसाद आचार्य, आधार भुत तह इन्चार्ज गोविन्द शर्मा पौडेल, शिक्षक सपना रेग्मी लगायतले बोलेका थिए ।

कार्यक्रमको संचालन शिक्षक बिष्णुमाया गौतमले गरेकी थिईन् । कार्यक्रममा त्यस वडाका विद्यालयको सहभागिता रहेको थियो ।

# चिस्यान केन्द्र सञ्चालनमा

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ मंसिर

जिल्लाको व्यास नगरपालिका-११ स्थित गैह्राबारीमा रु एक करोड ९१ लाख ३२ हजार ७२२ को लागतमा चिस्यान केन्द्र निर्माण गरिएको छ । केन्द्र सफल परीक्षणपछि सञ्चालनमा आएको छ । तीन रोपनी क्षेत्रफलमा १३० मेट्रिक टन क्षमताको केन्द्र गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा निर्माण भएको हो ।

किसानका उत्पादन निःशुल्क भण्डारण गरिने तथा जोखिम नगरपालिकाले बेहोर्ने जनाइएको छ । नगरपालिकामा चिस्यान केन्द्र निर्माण भएपछि जिल्लाका किसानको वार्षिक रु पाँच करोड बचत भएको व्यास नगरका प्रमुख वैकुण्ठ न्यौपानेले राससलाई बताउनुभयो ।

# बेनी-पाखापानी सडक: किराखोर-नेप्टेचौर खण्डमा धमाधम कालोपत्र हुँदै

**पोखरापत्र संवाददाता**
बेनी, १२ मंसिर

बेनी-पाखापानीसडकअन्तर्गत किराखोर-नेप्टेचौर खण्डमा कालोपत्र गर्न थालिएको छ।

बेनी नगरपालिका-९ किराखोरदेखि नेप्टेचौरस्थित वडा कार्यालयसम्मको दुई किलोमिटर सडक 'प्रिमिक्स' प्रविधिको कालोपत्र थालिएको हो।

बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीका अनुसार सात मिटर चौडा सडक कालोपत्र हुनेछ । नेप्टेचौर-तोरीपानी खण्डमा थप दुई किलोमिटर ग्राभेल पनि गरिने छ।

वर्षा यामको पानीको निकासका निम्ति नाला र टेवा पर्खाललगायत सडक संरक्षणका संरचना पनि धमाधम निर्माण भइरहेका छन् । यो सडक कालोपत्र गर्न रु १० करोड १६ लाख एक हजार ३६४ मा निर्माण कम्पनीसँग सम्झौता भएको छ।


# कर्जा भुक्तानी गर्ने बारे ७ दिने सूचना

**अन्तिम पटक प्रकाशित मिति: २०८२/०८/१३ गते**

यस सफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जना र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक लिखित मौखिक तथा प्रत्यक्ष भेटघाट साथै मिति २०८२/०३/३१ मा ३५ दिने, २०८२/०५/२३ मा १५ दिने २०८२/०६/०७ मा ०७ दिने सार्वजनिक सूचना पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा अन्तिम पटक यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन २०७४, तथा संस्थाको ऋण असुली कार्यविधि र नेपालको प्रचलित ऐन नियम बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्ने कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपसिल

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| नाम थर : बत्ती वि.क.<br>ना.प्र.नं. : ४९७४२<br>स्थायी ठेगाना : आँधिखोला ३, स्याङ्जा<br>हालको ठेगाना : पोखरा १७, कास्की<br>पतिको नाम : भिम बहादुर वि.क.<br>ससुराको नाम : पूर्ण बहादुर वि.क.<br>बाबुको नाम : पतिराम वि.क. |  | जग्गा रहेको ठेगाना :<br>पोखरा ३१, कास्की<br>कि.नं.: ३५८३<br>क्षेत्रफलः<br>४९६/७३ वर्ग मिटर | नाम थर : भिम बहादुर विश्वकर्मा<br>ना.प्र.न : ९२१७<br>जारी मिति :२०३९/१२/०७ स्याङ्जा<br>बाबुको नाम : पूर्ण बहादुर वि.क.<br>बाजेको नाम : गोरे बहादुर विश्वकर्मा<br>स्थायी ठेगाना : आँधिखोला ३, स्याङ्जा<br>हालको ठेगाना : पोखरा १७, कास्की<br>सम्पर्क न.: ९७०८११९९९८ |  |

**सफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा ७, घारीपाटन, फोन नं.: ०६१-४५६७२२**